बैठक संख्या : २३ स्थान : राप्ती न.पा. वडा नं. १ कार्यालय

मिती : २०७४।१२।१६ गते समय : साँझ ३:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

प्रस्तावहरु

१. आई. पि. एम. कार्यक्रम संचालन सम्बन्धमा ।
२. कार्यपालिका सदस्य र वडा समिति सदस्यहरुलाई अभिमूखीकरण कार्यक्रम सम्बन्धमा ।
३. नगरका विभिन्न स्थललाई गार्डेन पार्कको रुपमा विकास गर्ने सम्बन्धमा ।
४. पम्पा र लोथर खोलाको IEE गर्ने सम्बन्धमा ।
५. एफ.एम. रेडियोबाट कार्यक्रम प्रशारण गर्ने सम्बन्धमा ।
६. शैक्षिक क्यालेन्डर प्रकाशन गर्ने सम्बन्धमा ।
७. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ सम्बन्धमा ।
८. 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ सम्बन्धमा ।
९. करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ सम्बन्धमा ।
१०. पुन निर्माण प्राधिकरण हेर्न सम्पर्क व्यक्ति (Focal Person) तोक्ने सम्बन्धमा ।
११. स्वास्थ्य संस्थाको लागि कार्यालय सहयोगीहरुको करार गर्ने सम्बन्धमा ।
१२. सामाजिक परिचालनहरुलाई करार गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कृषि क्षेत्रमा प्रयोग गरिने रासायनिक विषादीले प्रत्यक्ष रुपमा जन स्वास्थ्यमा प्रतिकुल असर पार्ने भएकोले राप्ती नगरपालिकामा रासायनिक विषादी प्रयोगलाई न्यूनीकरण गर्दै विषादी मुक्त नगरपालिका बनाउने प्रयास स्वरुप राप्ती नगरपालिका वडा नं. १ मा चालु आ.व. मा स्वीकृत कार्यक्रमबाट आइ.पि.एम. कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा जन निर्वाचित पदाधिकारीलाई खास गरी सार्वजनिक खरिद ऐन नियममा भएका व्यवस्था र व्यावहारिक पक्षमा हुन सक्ने विषयहरुलाई समेटी विज्ञहरुद्धारा २०७५ बैशाख १५ गते भित्र कार्यपालिका सदस्य र कर्मचारीहरुलाई र सो पश्चात अन्य समसामायिक विषय समेतमा नगर सभा सदस्यहरु समेतलाई समावेश गरी अभिमूखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरसफाई गर्ने क्रममा निस्किएका जैविक अजैविक बस्तुहरुको विसर्जन गर्दा त्यस्ता स्थानहरुलाई बगैचा र पार्कको रुपमा विकास गर्न आवश्यक भएको महसुस गर्दै बस्ती भएको स्थानबाट करिब १ कि.मी. भन्दा टाढाको स्थानमा कुनै सार्वजनिक वा निजी जग्गाहरु उपलब्ध गराउन सक्ने भएमा निशुल्क वा रकम लिई नगरपालिकालाई उपलब्ध गराउन सकिने भएमा त्यस्तो जानकारी नगरपालिकामा दिन निश्चित समय तोकी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व. देखी नगरपालिका क्षेत्र भित्रमा स्थानबाट ढुङ्गा गिटी बालुवा ठेक्कामा दिने कार्य नगरपालिकाबाट गर्नुपर्ने भएकोले यस्ता सम्भावित पम्पा र लोथर खोलाको IEE गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नागरिकले सूसचित हुन पाउने अधिकारलाई सम्मान गर्दै नगरपालिकाबाट सम्पादित काम, समसायिक गतिविधि, नगरपालिका प्रतिको जनधारण, जनप्रतिनिधिको सन्देश र रणनीति समेतका विषयमा सञ्चार माध्यामबाट प्रशारण गरी जानकारी गराउदै पारदर्शी रुपमा अघि बढ्न पर्ने आवश्यकता महसुस गरी २०७५ आषाढ मसान्त सम्म प्रत्येक हप्ताको १ दिन साझ एफ.एम.बाट ३० मिनेटको नगर गतिविधि प्रसारण गर्ने कार्य अघि बढाउने निर्णय गरियो

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिका भित्र संचालनमा रहेका सबै विद्यालयमा एकरुपता कायम गरी शैक्षिक गतिविधि संचालन गर्न समय तालिका निर्धारण गर्नुपर्ने भएकोले नगरमा सूचना मूलक अन्य गतिविधि समेत समेटी २०७५ को शैक्षिक क्यालेण्डर तयार गरी आवश्यक प्रति प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने कार्यविधिको नमुना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा आवश्यकता हेरि केही बुदाहरुमा परिमार्जन गरि स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने कार्यविधिको नमुना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा आवश्यकता हेरि केही बुदाहरुमा परिमार्जन गरि स्थानीय तहको घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने कार्यविधिको नमुना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा आवश्यकता हेरि केही बुदाहरुमा परिमार्जन गरि स्थानीय तहको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राष्ट्रिय पुन निर्माण प्राधिकरण हेर्ने सम्पर्क व्यक्ति Focal Person ना.सू. श्री चन्द्रकान्त न्यौपाने मिति २०७४।१२।१४ गते देखि अनिवार्य अवकास हुने भएकोले उक्त कार्यको लागि कार्यालयले सम्पर्क व्यक्ति तोकी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राप्ती नगरपालिका पदपूर्ति समितिको मिति २०७४।१२।१४ को पत्रबाट देहायको सूचना बमोजिम देहायका उम्मेद्वारहरु २०७५ आषाढ मसान्त सम्म सेवा करारमा लिन सिफारिस भई आएकोमा सो बमोजिम सेवा करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

तपसिल

| क्र सं. | सुचना नं. | पद | रोल नं. | उम्मेद्वारको नामथर | ठेगाना | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ब्याक हो लोड अपरेटर | २ | नगेन्द्र थापा | राप्ती न.पा.-६ | राप्ती न.पा | सिफारिस |
| १ | २ | ब्याक हो लोड अपरेटर हेल्फर | ४ | मोहन कुवर क्षेत्री | राप्ती न.पा.-५ | राप्ती न.पा | सिफारिस |
| | | | | | | | |
| १ | ३ | का. सहगोगी | ५ | सिर्जना सिलवाल | राप्ती न.पा.-२ | पिप्ले स्वास्थ्य चौकी | सिफारिस |
| २ | ३ | का. सहगोगी | ३० | सितामाया तमाङ | राप्ती न.पा.-१२ | लोथर स्वास्थ्य चौकी | सिफारिस |
| ३ | ३ | का. सहगोगी | ३ | सपना रेग्मी गौतम | राप्ती न.पा.-२ | वीरेन्द्रनगर स्वास्थ्य चौकी | सिफारिस |
| १ | ३ | का. सहगोगी | २४ | पार्वती अधिकारी | राप्ती न.पा.- | | बैकल्पिक |
| २ | ३ | का. सहगोगी | १९ | सरस्वती कुवर क्षेत्री | राप्ती न.पा.-५ | | बैकल्पिक |
| ४ | ३ | का. सहगोगी | २१ | गणेश प्र.डल्लाकोटी | राप्ती न.पा.-५ | भण्डारा स्वास्थ्य चौकी | सिफारिस |
| १ | ३ | का. सहगोगी | २३ | प्रविन चौधरी | राप्ती न.पा.-६ | | बैकल्पिक |
| | | | | | | | |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४।७५ च.नं. ४० मिति २०७४।१२।१३ को पत्रबाट सामाजिक परिचालहरुलाई सेवा करारमा परिचालन गर्ने सम्बन्धी विषयमा छलफल हुँदा यस नगरपालिकामा आन्तारिक श्रोत न्यून भएकोले साविकमा कार्यरत सामाजिक परिचालकहरुलाई सेवा करार गर्न सकिएको छैन । उक्त पत्रको बुदा नं. २ मा “स्थानीय तहमा रहेर उत्कृष्ट कार्य सम्पादन गरको तर स्थानीय तहसँग स्रोत नभएका कारण २०७४ पौष १७ देखि सेवामा राख्न नसकिने  सामाजिक परिचालकको हकमा साविकमा खाइपाई आएको मासिक निर्वाह खर्च रु १२०००। उपलब्ध गराई अन्य कुनै सेवा सुविधा थप नहुने गरी यहि २०७४ चैत्र १६ देखि २०७५ असार मसान्त सम्मका लागि मात्र करारमा काममा लगाउन सकिने” भन्ने उल्लेख छ । अत : साविकमा यस नगरपालिकामा कार्यरत सामाजिक परिचालनहरुको कार्य सम्पादन राम्रो रहेको हुँदा मिति २०७५ असार मसान्त पछि केन्द्रको कुनै दायित्व नरहने गरी मिति २०७४।१२।१६ गते देखि २०७५ अषाढ मसान्त सम्म प्रति महिना निर्वाह खर्च रु १२,०००। पाउने गरी सेवा करारमा रहन इच्छुक भइ निवेदन दिएमा सेवा करारमा लिई काममा लगाउने निर्णय गरियो ।